# पाँचखाल नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### पाँचखाल, काभ्रेपलाञ्चोक
### बागमती प्रदेश, नेपाल

## सेवा करार सम्बन्धी सूचना
### (प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०७)

पाँचखाल नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ तथा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम कृषि शाखा तथा पशुपंक्षी शाखाका लागि तपसिलको पदमा देहायको सङ्ख्या र योग्यता भएकोकर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.स. | विज्ञापन नं | पद | तह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | कृषि २/०७९/०८० | कृषि स्नातक | अधिकृतस्तर छैठौं | १ जना | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको। |
| २ | पशुपंक्षी १/०७९/०८० | पशु चिकित्सक | अधिकृतस्तर छैठौं | १ जना | नेपाल सकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा B.Vsc. & AH/ B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण र नेपाल पशु चिकित्सा परिषदमादर्ता भएको हनु पर्ने छ। |

१. आवश्यक अन्य योग्यता र अनुभव :-

क. दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अदालतबाट कुनै फौजदारी अभियोग या कुनै कसुर प्रमाणीत नभएको ।

ख. पाँचखाल नगरपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम स्थानीय बासिन्दालाई प्राथमिकता दिन सकिने छ ।

२. दरखास्त दिने स्थान र अन्तिम मिति :- पाँचखाल नगरपालिकाको कार्यालय (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र) कार्यालय समय भित्र ।

३. दरखास्त दस्तुर:- रु १०००/- (एक हजार रुपैया मात्र।)

४. निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु: निवेदन, दस्तुर बुझाएको रसिद, नागरिकताको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, पशु चिकित्सकको हकमा पशु चिकित्सा परिषद्को दर्ता प्रमाणपत्रको प्रतिलिपि, कामको अनुभव खुलेका कागजातहरु ।

पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्वार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्छ ।

५. सेवा तथा सुविधाहरु : मासिक पारिश्रमिक अधिकृत स्तर छैठौंको शुरु तलब स्केल सरह हुनेछ । अन्य सेवा सुविधाको हकमा पाँचखाल नगरपालिकाले प्रचलित नियम अनुसार करार सम्झौतामा उल्लेख गरी प्रदान गर्न सक्नेछ ।

६. छनौटको तरिका : पाँचखाल नगरपालिकमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७५ बमोजिम योग्यताक्रमको सूचि प्रकाशन गरि अन्तरवार्ताबाट ।

७. सम्पर्क व्यक्तिको मोबाइल नं : इश्वर प्रसाद अधिकारी (बाली विकास अधिकृत कृषि शाखा) ९८४१६७४४५५, लक्ष्मी श्रेष्ठ (प्राविधिक सहायक पशुपंक्षी शाखा) ९८६४२३४७०८ पाँचखाल न.पा. ।

८. सम्पर्क र परिक्षाको मिति : सम्पर्क मिति आवेदन दिने अन्तिम दिनको भोलीपल्ट र परिक्षाको मिति सम्पर्क मितिमा तोकिने छ । थप जानकारीका लागि यस नगरपालिकामा सम्पर्क राख्न सकिने छ । साथै दरखास्त फारम यस नगरपालिकाको कर्मचारी प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ ।

शिव प्रसाद हुमेगाई
प्रमुख प्रशासकीय अधिकृत